स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



रेखा थापा स्टारर सोसल, रोमान्स र कमेडी ड्रामा फिल्म 'उपहार : द जर्नी अफ लाइफ'को ट्रेलर सार्वजनिक भएको छ । शुक्रबार युट्युबमा सार्वजनिक तीन मिनेट लामो ट्रेलरले फिल्मको कथावस्तुबारे प्रकाश पार्छ । डोजरले सहरको चियाघर भत्काएको दृश्यसँगै ट्रेलर सुरु हुन्छ । पसल भत्काइरहँदा रेखा थापा हतास र चिन्तित भएर उक्त दृश्य हेरिरहन्छिन् । पूजा शर्मा र बेनिशा हमाल डेरा खोज्दै आउनेको चरित्रमा छन् ।

**आजको विचार...**



केशव आचार्य

कर्मचारीतन्त्रको...

(दुई पेजमा)



अभिनेत्री साम्राज्ञी आरएल शाह अभिनित फिल्म 'लण्डन टू पेरिस'को छायांकन करिब एक वर्ष अगाडि बेलायतमा गरिएको थियो । २० प्रतिशत पेरिसको दृश्य बाँकी राखेर निर्माण टिम काठमाडौंमा फर्किएको थियो । तर पछि विभिन्न कारणले पेरिसमा छायांकन गर्न सम्भव नभएपछि निर्माण टिमले यसै साता मुम्बईको एक स्टुडियोमा रहेको पेरिसको सेटमा फिल्म खिचेको छ । योसँगै अब फिल्मको सम्पूर्ण छायांकन सकिएको छ । छायांकन सकिएसँगै मुम्बईमै सम्पादनको काम भैरहेको छ ।

❑ वर्ष २९ ❑ अंक २०० ❑ २०८० फागुन ५ गते शनिबार 17 February 2024, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**सक्षिप्त समाचार**

## आगलागीका कारण ११ जनाको मृत्यु

(रासस/सिन्ह्वा)

**नयाँदिल्ली,** फागुन ४/दिल्लीमा बिहीबार भएको आगलागीमा ज्यान गुमाउनेको संख्या ११ पुगेको स्थानीय अग्निनियन्त्रण विभागका अधिकारीले शुक्रबार बताएका छन् । अधिकारीका अनुसार आगलागीका कारण शवहरू पहिचान गर्न नसक्ने गरी जलेकाले मृतकको पहिचान हुन सकेको छैन । आगलागीका सबै पीडितहरू कारखानाका मजदुरहरू थिए । दुर्घटनामा दिल्लीका एक प्रहरी र दुई महिलासहित चार जना घाइते भएका छन् ।

घाइते सबै जनालाई उपचारका लागि स्थानीय अस्पतालमा भर्ना गरिएको छ । आगलागी उत्तरपश्चिम दिल्लीको आवासीय क्षेत्रको छेउमा अवस्थित रङ (पेन्ट) उत्पादन गर्ने कारखानामा भएको हो । आगलागीका कारण वरपरका घरहरू प्रभावित भएका छन् भने अग्निनियन्त्रण विभागका कर्मचारीहरूको निरन्तरको सहयोगमा कम्तीमा चार घण्टापछि शुक्रबार बिहानसम्ममा आगो नियन्त्रणमा आएको थियो ।

नजिकैका घरहरू तथा पसलहरूमा आगो लागेपछि ठूलो विस्फोटको आवाज सुनिएको तर आगलागीको कारण अहिलेसम्म थाहा हुन नसकेको स्थानीयहरूले बताएका छन् ।

# संस्कार सिक्दै सिद्धी विनायकका विद्यार्थी

## विद्यार्थीले गरे हजुरबा, आमालाई सम्मान

रामचन्द्र रायमाझी

**पाल्पा,** फागुन ४/विशेषत: विद्यालयमा विद्यार्थीहरुलाई किताबी ज्ञान मात्र सिकाइन्छ । सैद्धान्तिक ज्ञानमै सिमित गराईने विद्यार्थीले न व्यवहारिक ज्ञान हासिल गर्न सक्छन् नत संस्कार सहितको शिक्षा नै । जसका कारण पछिल्लो समय समाज न सभ्य बन्न सकेको छ नत जन्मदिने बाबुआमा नै सम्मानित । विद्यालय तहबाटै विद्यार्थीहरुलाई संस्कारसहितको शिक्षा दिन नसक्दा आफन्नै छोराछोरीहरुबाट बुवा आमा अपहेलित हुनु परेको छ । पाठ्यक्रममै संस्कारसहितको शिक्षा नहुँदा पछिल्लो पुस्ताले आफ्ना अभिभावकहरुलाई घृष्णा, अपहेलित गर्दै गएका बेला तानसेनमा रहेको सिद्धी विनायक एकेडेमी स्कुलले भने विगत चार वर्षदेखि विद्यालयमा संस्कार सहितको शिक्षा दिर्दै आएको छ ।

स्कुलले हरेक वर्ष अभिभावक दिवस कार्यक्रम आयोजना गरी विद्यार्थीहरुलाई अभिभावकप्रति सम्मान गर्ने संस्कारको विकास गर्दै आएको छ । यहाँ अध्ययनरत विद्यार्थीहरुले आफ्ना आमाबुवा, हजुरबा हजुरआमाहरुलाई कसरी सम्मान, आदार गर्ने भन्ने ज्ञान सिक्दै आएका छन् । विद्यार्थीहरुले शुक्रबार अभिभावक दिवसको अवसरमा आफ्ना हजुरबा,









हजुरआमालाई खादा ओढाएर सम्मान गरे । दिवस औपचारिक कार्यक्रम भए पनि अन्य कार्यक्रममा जस्तो प्रमुख अतिथिबाट जेष्ठ नागरिकलाई सम्मान गराइएन । कार्यक्रममा विद्यार्थी आफैले आ-आफ्ना अभिभावकलाई स्टेजमा बोलाएर आफै खादा ओढाईदिए । त्यतिमात्र होइन उनीहरुले आ-आफ्ना हजुरबा, आमाको योगदान, माया, ममताको चर्चा गर्दै दिर्घजीवनको कामना समेत गरे । आफ्ना नाति नातिनीहरुबाट सम्मानित हुन पाएकोमा अभिभावकहरु समेत अत्यन्त उत्साहित बनेका थिए । अभिभावक होमबहादुर थापाले आफुहरु जस्ता कयौं जेष्ठ नागरिकहरु वृद्धआश्रममा जानु परेको अवस्थामा नाती नातिनाहरुले सम्मानसँगै माया र सद्भाव देखाएकोमा खुसी व्यक्त गरे । अर्की अभिभावक लक्ष्मी पौड्यालले स्कुलमै बोलाएर नाती नातिनाहरुले सम्मान गर्दा खुसी लागेको बताइन् । कार्यक्रममा विद्यार्थीहरु कार्यक्रम सञ्चालनदेखि स्वागत आफै गरेका थिए । उनीहरुले कार्यक्रमको प्रमुख अतिथि समेत कुनै नेता, मन्त्री नभई आफ्नै जेष्ठ अभिभावकलाई नै गराए । प्रमुख अतिथिका रुपमा रहेका जेष्ठ नागरिक धर्मप्रसाद बस्यालले विद्यार्थीहरुले आफ्ना अभिभावकको सम्मान गरेर संस्कारसहितको शिक्षा हासिल गरेको बताए । विशिष्ठ अतिथि प्याव्सनका केन्द्रीय सदस्य भरत न्यौपानेले पश्चिमी संस्कृतिले पारेको प्रभावलाई सम्मान कार्यक्रमले केही हदसम्म भए पनि ओझेलमा पार्न महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले हजुरबुवा, आमाहरु ज्ञानको सागर भएको भन्दै उनीहरुको ज्ञान र अनुभवलाई सिको गर्नु अहिलेको आवश्यकता रहेको धारणा व्यक्त गरे । न्यौपानेले स्कुलबाटै विद्यार्थीहरुलाई संस्कारसहितको शिक्षा दिन सकियो भने अभिभावकहरु अपहेलित हुनु नपर्ने बताए । फरक प्रसंगमा उनले नीजि विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरु सरकारी सेवाबाट बञ्चित हुन्छन् भन्ने गलत धारणा रहेको बताए । उनले निजी विद्यालयबाट अध्ययन गरेका विद्यार्थीहरुले नै राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा स्कलर्ससिप पाउन सफल भएको भन्दै तिनै विद्यार्थीहरु अहिले अब्बल बनेको बताए । स्कुल व्यवस्थापन समितिका अध्यक्ष भुवन ज्ञवालीले विगतदेखि नै विद्यार्थीहरुलाई सैद्धान्तिक ज्ञानसँगै संस्कारसहितको शिक्षा दिर्दै आएको बताए । उनले भने 'विद्यालयतहबाटै विद्यार्थीहरुमा संस्कार सिकाउन सकियो भने भोली समाज र राष्ट्रलाई सभ्य र सु-संस्कृत बनाउन सकिन्छ भन्ने उद्देश्यले हरेक वर्ष विद्यार्थीहरुबाट अभिभावकलाई सम्मान गर्ने परिपाटी बसालिएको हो ।' स्कुलकी प्रिन्सिपल मञ्जु ज्ञवालीले जेष्ठ नागरिक समाजका पथप्रदर्शक रहेको र उनीहरुलाई सम्मान गर्नु सबै सन्ततीको दायित्व रहेकाले त्यो संस्कारको विकास गर्न विद्यार्थीहरुलाई संस्कारसहितको शिक्षा दिदै आइएको बताइन् । कार्यक्रममा विद्यार्थीहरुले आफ्ना अभिभावकहरुको सम्मानमा नाटक सहित विभिन्न प्रस्तुतीहरु देखाएका थिए । स्कुल व्यवस्थापन समितिका अध्यक्ष भुवन ज्ञवालीको अध्यक्षता, विद्यार्थीहरु अस्मिता थापा, सुमिन पाण्डे, सवनम गाहाको स्वागत, विद्यार्थीहरु संयुक्त थापा र अञ्जली बुढाथोकीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## प्रजातन्त्रका आधारभूत पक्षहरु

- संवैधानिक सर्वोच्चता
- बहुलवादको सम्मान
- विधिको शासन
- शक्ति पृथकीकरण
- आवधिक निर्वाचन
- मौलिक हक
- मानव अधिकार
- पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# लुम्बिनी प्रादेशिक अस्पतालमा 'क्याथल्याब' मेसिन बल्ल उपयोगमा आयो

**लुम्बिनी,** फागुन ४/लुम्बिनी प्रादेशिक अस्पतालमा डेढ वर्षदेखि थन्काइएका मुटुसँग सम्बन्धित उपकरणको बल्ल सदुपयोग भएको छ । अस्पतालको कोठामा थन्किएका करोडौं मूल्यका 'क्याथ ल्याब मेसिन'बाट बिरामीको उपचार सुरुआत गरिएको छ । अस्पतालमा मुटु रोगका बिरामीको उपचारका लागि भनेर प्रदेश सरकारले खरिद गरेका करोडौं मूल्यका यस्ता स्वास्थ्य उपकरण सञ्चालन नगरी थन्काइएको विषयमा राससले गत भदौ २९ गते 'महङ्गा स्वास्थ्य उपकरण अस्पतालका कोठामा थन्किए' शीर्षकमा समाचार प्रकाशित गरेको थियो ।

यस्ता उपकरण सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापनसँगै सेवा सुरु गरिएको मेडिकल सुपरिटेन्टेन्ट डा. सुदर्शन थापाले जानकारी दिए । अस्पतालमा मुटु रोगका बिरामीको चाप बढ्दै गएपछि बिरामीलाई सहज र गुणस्तरीय उपचार सेवा दिन क्याथ ल्याब सेवा सुरु गरिएको उनले जानकारी दिए ।




वरिष्ठ मुटु रोग विशेषज्ञ डा. अर्जुन बुढाथोकीसहितको विशेषज्ञ टोलीले अब प्रादेशिक अस्पतालमै मुटुको उपचार गर्नेछन् ।

वरिष्ठ मुटु रोग विशेषज्ञ डा.बुढाथोकीको नेतृत्वमा बिरामीको एनजीओग्राम गरेर सेवा सुरु गरिएको र अबदेखि एन्जिओग्राम र एन्जियोप्लास्टिकका उपचार सेवा यहींबाट गरिने मेसु डा.थापाले जानकारी दिए । एन्जिओग्राम (मुटुको धमनीमा कति ब्लकेज छ भनेर हेर्ने जाँच) सेवा सुरु भएको थप सेवा विस्तार हुँदै जाने उनले बताए । डा.बुढाथोकीको नेतृत्वमा डा.रोशन घिमिरेसहितको टोलीले अस्पतालमा मुटुका बिरामीलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएका छन् । अब मुटुसम्बन्धी समस्याका बिरामीको रोगको छिटो पहिचान गरी उपचार सेवा प्रदान गर्न सकिने उनको भनाइ छ ।

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले क्याथ ल्याब सञ्चालनका लागि २२ करोड विनियोज गरेको छ । सेवा सञ्चालनका लागि लुम्बिनी प्रदेशको पहिलो सरकारकै पालामा पहल भएको र हाल आएर सेवा सञ्चालनमा आएको हो । कार्डियोलोजी विभागका जनस्वास्थ्य निरीक्षक रामप्रसाद अर्यालका अनुसार अस्पतालमा सिमेन आरसीटी एस मेसिन रहेको यसले मुटुसम्बधी उपचार गर्न सकिनेछ । क्याथल्याबमा दुईजना चिकित्सक, दुई स्टाफ नर्स, एकजना एनेस्थेसिया र एक हेल्पर गरी जम्मा आठजनाले सेवा दिइने उनले बताए । मुटु सम्बन्धी समस्या भएर केही दिनअघि अस्पतालमा आएका दुईजना बिरामीको उपचार गर्दै सेवा सुरु भएको मेसु डाक्टर थापाले बताए । उपचारपछि दुवै बिरामीको अवस्था सामान्य भएको छ । लुम्बिनी प्रदेश अस्पतालले प्रदेशकै विशेषज्ञ सेवासहितको सेवा प्रदान गर्दै आएको छ । अस्पतालमा बहिरङ्ग (ओपीडी) मा दैनिक बिरामीको परीक्षण र उपचार गर्ने क्षमता पाँच सय जति रहेको छ तर यहाँ दैनिक दुई हजार पाँच सयसम्म बिरामी उपचारका लागि आउँछन् ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सडक दुर्घटना रोकौं

पछिल्लो समय नेपालमा सवारी दुर्घटनाका घटना ह्वात्तै बढेका छन् । चालकको गम्भीर लापरवाहीले सवारी दुर्घटना बढ्ने गरेका छन् । पछिल्लो केही दिन यता लुम्बिनी प्रदेशमा दुई दिनको अन्तरमा भयानक दुर्घटना हुँदा २० जनाले ज्यान गुमाएका छन् । पाल्पामा १० जना र कपिलवस्तुमा १० जनाले आकालकै ज्यान गुमाए । यी छुट्टाछुट्टै दुर्घटनाबाट २० जनाले अकालमै ज्यान मात्र गुमाएनन् घाइते भएका ४८ जना मध्ये कयौँ व्यक्तिहरु अङ्गभङ्ग समेत भए । क्षमताभन्दा बढी भार तथा तीव्र गतिले यात्रुहरूले अकालमै ज्यान गुमाउनु पर्‍यो । नियमनकारी निकाय ट्राफिक प्रहरीले सडक सुरक्षामा चासो नदिँदा मुख्य राजमार्गमै ठूला दुर्घटना बढ्नु दुखद् हो ।

दुर्घटनाका बेलामा समीक्षा हुने, दुर्घटनाका कारण पत्ता लगाउन अध्ययन हुने अनि बिर्सिइने प्रचलन छ । कम्तीमा ती अध्ययनका निष्कर्षहरू प्रभावकारी ढंगले पछ्याउने हो भने यस्ता खाले दुःखद् खबरसँगको साक्षात्कार सायद कम हुन्थ्यो । विडम्बना के छ भने अध्ययन गरिन्छन्, कारणहरू पनि पत्ता लाग्छन् तर कार्यान्वयन हुँदैनन् । जसले गर्दा उही र उस्तै प्रकृतिका त्रुटि दोहोरिन्छन् र निर्दोषहरू अनाहकमा मारिन्छन् । पछिल्लो दुर्घटनाको प्रारम्भिक खबर हेर्दा पनि चालकको त्रुटि हुन सक्ने अनुमान गर्न सकिन्छ । दुर्घटनाले व्यक्ति, परिवार, समाज तथा देशलाई ठूलो क्षति भइरहेको छ । सडक दुर्घटना बढ्न पुग्नुमा प्रायः चालकहरुकै लापरवाही देखिएको छ, भने केहीमा नागरिकहरुको गल्तीका कारणले पनि त्यस्ता घटनाहरु घटित हुन पुगिरहेका छन् । प्रायः साधनहरु तीव्र गतिमा रहने गरेको हुँदा अनियन्त्रित हुने गर्छन् र दुर्घटनाको शिकार हुन्छन् । कतिपय सवारीसाधनका चालकहरुले मादक पदार्थ सेवन गरेर चलाउने, गाडी चलाउँदा चलाउँदै मोबाइलमा व्यस्त रहने गरेको हुँदा पनि दुर्घटनाहरु भैरहेका छन् भने कतै चालक निदाएर पनि घटनाहरु घटिरहेको देखिन्छ । अब यस्ता घटनाहरु रोक्नका लागि समयमै सबैले ध्यान दिन जरुरी छ । दुर्घटनामा कमी ल्याउनका लागि भरपर्दो र विश्वसनीय आधारसहित चालकहरुलाई सबैले बढी जिम्मेवार बनाउनतर्फ सोच्न आवश्यक छ ।

### Opinion @ Social Network


जिन्दगीमा ठक्कर नखाइकिन कहिले पनि अघि बढ्न सक्दिैन हो, ठक्कर खान सिक जिन्दगी के हो आफै बुझ्छौ । एकादेशको राजा होइन वर्तमानको राजा बनेर देखाउ ।
*(सन्तोष श्रेष्ठको फेसबुक स्टाटसबाट www.facebook.com//Santosh.Shrestha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कर्मचारीतन्त्रको आडमा हुर्किएको राजनीतिक भ्रष्टाचार



**केशव आचार्य**

*समयसापेक्ष बन्ने विधेयक सैद्धान्तिक सहमतिसँगै मन्त्रालयमा शाखा अधिकृत, उपसचिव, सहसचिवको कोठा कोठा पुग्ने र उनीहरूको अनुकूलताले प्रश्रय पाउने गरेको छ । वास्तवमा सिंहदरबारको एउटा कोठामा बसेको कर्मचारीले मुलुकको समस्या र आवश्यकतालाई चिन्न कठिन छ तर नेपालको विधि र प्रक्रिया यसै संस्कारमाथि निर्भर रहेको छ । ऐन, कानुन र विधेयक सामाजिक परिवेश, आवश्यक्ता र समस्यालाई सम्बोधन गर्न बनाइन्छ । यसबाट सेवाग्राही लाभान्वित हुनुपर्छ तर यो विषयमा सरोकार वालासँग छलफल गर्ने गरेको पाइँदैन । कुनै पनि मन्त्रालयले कुनै विधेयक निर्माणका लागि सैद्धान्तिक सहमति पाएपछि सबैभन्दा पहिले लक्षित निकाय र यसले पुर्‍याउने प्रभावको विषयमा अध्ययन-अनुसन्धान गर्नुपर्ने हो तर त्यस्तो भएको पाइँदैन । सम्बन्धित वर्ग, क्षेत्र वा समुदायसँग परामर्श गर्ने र उनीहरूको कुरा सुनेर, समस्या पहिचान गरी विधेयकको निर्माण गर्नुपर्ने विद्वानहरू बताउँछन् ।*

कर्मचारीतन्त्र देशको स्थायी सरकार हो । यसको संरचना नियमित, निरन्तर र प्रक्रियामुखी हुन्छ जसले सरकारका नीति तथा कार्यक्रमहरूलाई जनतासमक्ष पुर्‍याउने कार्य गर्दछ । कर्मचारीहरू सरकारले जनतालाई प्रदान गर्ने सेवा तथा कल्याण उपलब्ध गराउन नियुक्त गरेका व्यक्तिहरू हुन् । यिनीहरू सरकारी नीति र कानुन अन्तर्गत नियुक्ति, सरुवा, बढुवा र अवकाश प्राप्त गर्दछन् । नेता निर्वाचन प्रणाली अन्तर्गत जनताले भोट दिएर जिताएर पठाएका व्यक्ति हुन् । उनीहरू आवधिक निर्वाचनमा भाग लिएर बढी जनताले पत्याएको आधारमा निर्वाचित हुन्छन् । ऐन, कानुन, नीति, नियम बनाउन निर्वाचित भएर व्यवस्थापिकामा प्रवेश गर्दछन् । यिनीहरूले निर्माण गर्ने ऐन, कानुन तिनै कर्मचारीतन्त्रको संलग्नतामा बन्ने गर्दछ । कर्मचारीतन्त्रको संलग्नतामा बन्ने कानुन नतिजाउन्मुख नभई प्रक्रियाउन्मुख हुने गरेको पाइन्छ भनिएको छ । यो नै कार्यान्वयनको मूल समस्याका रूपमा देखापरेको भनाइ छ । यसले कानुन निर्माणको प्रक्रियामाथि नै प्रश्न उठ्न थालेको छ । मुलुकको समृद्धिका लागि बन्ने कानुन सिंहदरबारको एउटा कोठामा बसेर बनाउने प्रक्रिया आफैंमा उपयुक्त होइन । यो संस्कार परिवर्तन गर्न आवश्यक हो तर हुन सकेको छैन । समयसापेक्ष बन्ने विधेयक सैद्धान्तिक सहमतिसँगै मन्त्रालयमा शाखा अधिकृत, उपसचिव, सहसचिवको कोठा कोठा पुग्ने र उनीहरूको अनुकूलताले प्रश्रय पाउने गरेको छ । वास्तवमा सिंहदरबारको एउटा कोठामा बसेको कर्मचारीले मुलुकको समस्या र आवश्यकतालाई चिन्न कठिन छ तर नेपालको विधि र प्रक्रिया यसै संस्कारमाथि निर्भर रहेको छ ।

ऐन, कानुन र विधेयक सामाजिक परिवेश, आवश्यक्ता र समस्यालाई सम्बोधन गर्न बनाइन्छ । यसबाट सेवाग्राही लाभान्वित हुनुपर्छ तर यो विषयमा सरोकारवालासँग छलफल गर्ने गरेको पाइँदैन । कुनै पनि मन्त्रालयले कुनै विधेयक निर्माणका लागि सैद्धान्तिक सहमति पाएपछि सबैभन्दा पहिले लक्षित निकाय र यसले पुर्‍याउने प्रभावको विषयमा अध्ययन-अनुसन्धान गर्नुपर्ने हो तर त्यस्तो भएको पाइँदैन । सम्बन्धित वर्ग, क्षेत्र वा समुदायसँग परामर्श गर्ने र उनीहरूको कुरा सुनेर, समस्या पहिचान गरी विधेयकको निर्माण गर्नुपर्ने विद्वानहरू बताउँछन् । ड्राफ्ट बनाउँदा विज्ञहरू, सरोकारवला क्षेत्रसँग भन्दा कर्मचारीसँग बढी भर परिरहेको अवस्था छ । अहिलेको जुन प्रक्रिया छ, यसलाई फेर्नुपर्छ भनेर स्वयं राजनीतिक दलका नेताहरू नै सार्वजनिक रूपमा भनिरहेका छन् तर तिनीहरू यसबाट बाहिर आउन चाहिरहेका छैनन् । समुदायसँग छलफल र परामर्श नगरेसम्म विधेयक निर्माणको प्रक्रिया सुरु गर्नु नहुने हो तर भइरहेको यही छ । देशमा राणा, राजा, प्रजातन्त्र, गणतन्त्र जे आए पनि राजनीति र कर्मचारीतन्त्र एकअर्काका फाइदामा मात्र लागे । एकअर्काका फाइदाका लागि एकअर्काका भर्‍याङ बने । यसो नहोस् भनेर यो विषयमा कुरा उठे पनि समाधानको बाटो पक्डन सकेको छैन । काम गर्ने तौरतरिका, शैली, आचरण र व्यवहार उस्तै छ, कुनै परिवर्तन छैन । कर्मचारीले विधेयकको ड्राफ्ट बनाउँदा कर्मचारीमैत्री हुनेगर्छ तर, जनतामैत्री, व्यवस्थामैत्री वा कसरी समस्या समाधान गर्ने भन्ने खालको छैन । यसो हुनुको कारण कर्मचारीले विधेयकको ड्राफ्ट बनाउने र विधेयकको ड्राफ्टका लागि कर्मचारीमै भरपर्ने विधि र प्रक्रियाको परिणाम हो ।

नेपालमा परिणामउन्मुख कर्मचारीतन्त्रभन्दा प्रक्रियामुखी कर्मचारीतनत्र रहेको छ भनिन्छ । जसका कारण काम हुने नहुनेभन्दा पनि नियम मिलेन वा मिलाउनुपर्छ भनिरहेको हुन्छ । उसले परिणाम खोज्दैन, मात्र प्रक्रिया खोजिरहन्छ । पछिल्ला वर्षमा बनेका ऐन, कानुनमा गर्न सक्नेछ, गर्न सकिनेछ भनिएको पाइन्छ यसले त केवल जिम्मेवार निकाय वा व्यक्ति जिम्मेवारीबाट पन्छिन सक्ने स्थिति बनाएको छ । यस अवस्थाले राम्रोमा मैले गरेको र नराम्रोमा जिम्मेवारी कसैले बहन नगर्ने वातावरण सिर्जना गर्दछ । तसर्थ, दोहोरो अर्थ लगाउनसक्ने खालका भाषा प्रयोग हुनु हुँदैन । यदि यस्ता खालका भाषाले जिम्मेवार निकाय वा अधिकारीलाई स्वविवेकीय अधिकार दिलाउँछ । स्वविवेकीय अधिकारले भ्रष्टाचारलाई प्रशय दिन सक्छ, अझ त्यसमा राजनीतिक समझदारी जोडिँदा भ्रष्टाचार संस्थागत रूपमै मौलाउँछ । आज मुलुक भ्रष्टाचारको दलदलमा फसिरहेको छ, ब्युरोक्रेसी र सरकारमा आबद्ध राजनीतिक दलको मिलेमतोमा आर्थिक अनियमितता चर्किरहेको समाचार यत्रतत्र आइरहेकै छन् । जसमा ब्युरोक्रेसी प्रकृया मिलाउने सरकारमा आबद्धहरू कहाँबाट स्रोत जुटाएर आम्दानी गर्न सकिन्छ भन्दै स्रोत खोज्ने गरेको पाइएको छ । कर्मचारीलाई सुरुमा प्रक्रिया मिलाउन लगाएर ठूलो हिस्सा आफ्नो पोल्टामा पार्ने यदि समस्या आइहाल्यो भने कर्मचारीलाई कारबाही गर्ने गरेको पाइन्छ ।

राजनीतिज्ञले राजनीतिलाई काँधको जिम्मेवारी, व्यवहारमा इमानदारी र मस्तिष्कमा समझदारीलाई अवलम्बन नगरेसम्म भ्रष्टाचार फैलँदै जान्छ । प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र जुनसुकै तन्त्रको अभ्यास गरे पनि अर्थतन्त्रले गतिलिन सक्दैन । यसले गणतन्त्रको उपहासमात्र गरिरहन्छ । भ्रष्टाचार आफैंमा राष्ट्रको कुशासन र समाजको विकृति हो जसले समाजलाई विकृत बनाउँछ । समाजमा विकृति फैलँदै जाँदा सामाजिक सिकाइ नै विकृत सिकाइतर्फ मोडिन्छ । मानिस व्यक्तिगत स्वार्थबाट निर्देशित हुन्छ, सोच र विचार साँघुरिँदै जान्छ । उसमा रिस, आक्रोस, तनाव, डाह, इर्ष्या बढ्दै जान्छ । नेपालमा फैलिएको वर्तमान भ्रष्टाचारको विकृत संस्कार छिट्टै अन्त हुनसक्ने देखिँदैन । यसको अन्त्य पुस्तान्तरबाट मात्र सम्भव हुनसक्छ त्यो अहिले नै कानुनी रूपमा कार्यान्वयन सुरु गरियो भने । हिजोआज ब्युरोक्रेसी र राजनीतिक दल दुबैमा कमाउने, जमाउने र धनी बन्ने सोच हावी हुँदै गइरहेको छ । यी दुबै कमिसन आउने योजनालाई मात्र स्वीकृत गर्ने, कमिसन पाउँदा प्रक्रिया मिल्ने नभए प्रक्रिया मिलेन भन्दै कामलाई पन्छाउने गर्दछन् । व्यक्तिगत स्वार्थवाद, नातावाद कृपावाद त्यस पछिमात्र सेवाग्राहीवादले प्राथमिकता पाउँछ । सेवाग्राही सेवाका लागि भौंतारिन्छ, भनोस् पनि कसलाई सबैतिर भ्रष्टाचारको जालो छ । अन्ततः ऊ घुस दिएरै आफ्नो काम गर्न बाध्य हुन्छ ।

देशको ऐन, कानुनको संशोधन व्यक्ति विशेषले व्यक्तिगत फाइदाका लागि हुने गर्दछ । जसलाई पद र जिम्मेवारी दिनुछ उसको योग्यतालाई आधार बनाएर नीति नियम संशोधन हुन्छ । जसमा अन्य व्यक्तिले अवसर नपाऊन् चाहेको व्यक्तिले मात्र पाओस् । योग्यता र क्षमताभन्दा पनि राजनीतिक भागबण्डामा पाउने पद, जिम्मेवारी राजनीतिक दलको भ्रष्टाचारको टेको हो । समस्या नआउँदासम्म दुबैले आर्थिक लाभ लिने र समस्या आइहालेमा कर्मचारी फस्ने गर्दछन् । राजनीतिज्ञलाई राजनीतिले चोख्याउने गर्दछ । व्यवस्थापिका, न्यायलय, सुरक्षा निकाय र कर्मचारीतन्त्र सरकारमा आबद्ध राजनीतिक दलका पक्षपोषक बन्दा नागरिक शक्तिको केही जोडबल चल्दैन । नीति नियम बनाउने आफैं, न्यायलयमा आफ्नै भागबण्डामा गएका न्यायाधीश, आफैंले सिफारिश गरेको सुरक्षा निकायका प्रमुख र आफूले भनेको मान्ने र कतैबाट नाता जोडिएका कर्मचारी भएपछि जे गर्न चाफयो त्यही हुन्छ । वास्तवमा ब्युरोक्रेसी सरकारका नीति तथा कार्यक्रमलाई नागरिक समक्ष पुर्‍याउने निकाय हो । यो सरकारले निर्माण गरेको ऐन, कानुनको आधारमा परिचालित हुन्छ । तर, नेपालको सन्दर्भमा ब्युरोक्रेसीलाई भ्रष्टाचारको भड्खालोमा हाल्ने राजनीति नै हो । पहिले कुनै काम गर्न आदेश दिने पछि समस्या आइलागे कर्मचारीहरूलाई नै फसाइदिने दुषित अभ्यास राजनीतिले गरिएको छ । कर्मचारी एकातिर निर्देशन मान्न बाध्य छ भने अर्कोतिर खुशी छ । राजनीति सुशासनको संबाहक हो । यसले चाहेमा देशको सकरात्मक परिवर्त जे पनि गर्न सक्छ । सरकारमा आबद्ध राजनीतिज्ञ अधिकार प्राप्त व्यक्ति हो । उसको सोच र विचार नीतिगत कार्यान्वयन र देश विकासमा लगाउने हो भने सुशासन टाढा छैन । व्यवस्थामात्र परिवर्तन गरेर देशले कोल्टे फेर्दैन, राजनीतिक व्यक्तित्वहरूको संस्कारमा परिवर्तन आउनुपर्छ । देशका लागि नयाँ वैज्ञानिक आविष्कार गरेर कायापलट गर्नुपर्ने छैन । ससाना समस्यालाई सम्बोधन गर्दै दैनिक जनजीविकालाई सहजीकरण गरिदिए पुग्छ । ***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अन्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : इच्छा र चाहाना पूर्ण हुनेछन् । धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । | **तुला** : पारिवारिक सद्भाव बढ्नेछ । राम्रो अवसर आउनाले मन प्रसन्न रहनेछ । |
| **वृष** : सामाजिक कार्यमा मन जानेछ । वैदेशिक कार्यमा सफलता मिल्नेछ । | **वृश्चिक** : मंगल कार्यको योग छ । आँटेको र ताकेको कार्य पुरा होला । |
| **मिथुन** : व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । जोशजाँगर बढ्नेछ । | **धनु** : धार्मिक यात्राको योग रहेको छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । |
| **कर्कट** : सहयोगी हात अघि बढ्नेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ । | **मकर** : शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **सिंह** : बुद्धिको उपयोग गर्दा जटिल ठानिएको काम सम्पादन हुनसक्छ । | **कुम्भ** : पुनर्मिलनको योग रहेको छ । व्यापार व्यवसायमा फाइदा होला । |
| **कन्या** : नजिकका मित्रले सकेको सहयोग र सद्भाव प्रदान पनि गर्नेछन् । | **मीन** : मनमा शान्ति छाउनेछ । आम्दानी बढाउने काम सुचारू गर्न सकिनेछ । |

# साहित्य दर्पण

कथा

## द्रौपदी

महाभारत युद्ध सुरु भएको पनि आज सोह्र दिन भएको थियो । भीष्म पितामह, द्रोणाचार्य, अभिमन्यु जस्ता वीरहरूले वीरगति प्राप्त गर्नुका साथै कुरुक्षेत्र रगतका आहालमा डुबेर शोकाकुल भइरहेको थियो । युद्धमा को कतिखेर मारिने हो भन्ने कुराको कुनै टुको थिएन । सूर्योदय भएसँगै सोह्रौं दिनको युद्धका लागि सारा सिपाही र योद्धाहरू युद्धमैदानतर्फ प्रस्थान गरिसकेका थिए ।सबै जना शिविरबाट हिँडिसके पछि निराशा र पश्चातापले भरिपूर्ण भारी मन लिएर पाञ्चाली द्रौपदी शिविरको एक कुनामा टोलाउँदै बसिरहेकी थिइन । युद्ध सुरु हुनु अघि त हस्तिनापुर दरबारमा आफू माथि भएको त्यो अत्याचार अनि वनवास र गुप्तवासका समयमा भोग्नुपरेका सारा दु:खले गर्दा आजै युद्ध सुरु भएर दुशासन र दुर्योधनको मृत्युको खबर सुन्ने उत्सुकताले उनको मनलाई आकाशमा उडाइरहेको थियो । अझ भनौं आफू माथि भएका अत्याचारको प्रतिशोधले उनको मनलाई वर्षा ऋतुमा पर्वतलाई बाक्लो कुहिराले ढाकेसरि ढाकेको थियो । उनका मनमा बलेको प्रतिशोधको अग्निले एक महायद्ध रूपी ज्वाला मुखीको प्रतीक्षा गरिरहन्थ्यो । उनका मनमा युद्ध र कौरवहरूको मृत्युको कामनाबाहेक अरू केही पनि आउँदैनथ्यो र आफ्ना पतिहरूलाई विभिन्न तरिकाले यसका निम्ति उक्साइरहन्थिन्, उक्साइरहन्थिन् । तर युद्ध सुरु भएर सेना र बहादुर ठानिएका योद्धाहरूकै मृत्युका खबर सुनिन थाले त्यस पछि भने उनका मनमा भएको प्रतिशोधको भावना र अभिमान पीडामा बदलिन थालेका थिए ।

उनको नारी हृदयलाई विभिन्न व्यक्तिहरूका मृत्युका खबरले क्षतविक्षत बनाउन थाल्यो । यसैले पनि उनी भित्रभित्रै जलेर सूर्योदय र सूर्यास्त बाहेकको कुनै समय कसरी बित्यो भन्ने सम्म पनि पत्तो पाइरहेकी थिइनन् । उनको हृदय पश्चातापको अग्निमा यसरी जलेको थियो कि उनको लाग्ने भए त्यो युद्ध अहिले नै रोकिदिन मन हुन्थ्यो तापनि उनको यसमा लाग्ने केही थिएन । सारा हस्तीहरू अभिमानले चुर्लुम्म भएका थिए । मर्ने वा मार्ने प्रण लिएर युद्धमा होमिइसकेका योद्धाहरूले आजको दिनमा उनको कुरा सुन्ने कुरै थिएन । सधैं झैं आज पनि सबै जना युद्धमा मार्ने वा मर्ने उत्साह बोकेर शिविरबाट बाहिरी सकेपछि द्रौपदी निराश मुद्रामा शिविरको एउटा कुनामा बसेर घुँडामा मुन्टो अड्याएर एकोहोरिरहेकी थिइन् । समय कसरी कुद्यो र कति समय बितिसक्यो भन्ने कुराको उनलाई कुनै पत्तो नै थिएन । यत्तिकैमा बाहिरबाट आएको 'पाञ्चाली-पाञ्चाली' भन्दै आफूलाई कसैले टाढैबाट बोलाएको चर्को आवाजले उनलाई नराम्ररी झस्कायो । उनलाई गहिरो निद्रामा ऐठन भएर आत्तिदैं बिउँझिए झैं भयो । उनको पूरै शरीर थरर्र काम्यो । उनले त्यो आवाज राम्ररी चिनिसकेकी थिइन् । त्यसैले पनि कुनै अप्रिय खबरको आशङ्काले उनलाई नराम्ररी चिमोटी सकेको थियो । उनी हत्तारमा आफू बसिरहेको ठाउँबाट जुरुक्क उठिन् । उनको भित्री फदयलाई कुनै दुष्कल्पनाले छपक्क ढाक्यो । उनलाई एकाएक पसिना आए । उनलाई उभिएर अडिन नै गाह्रो भएझैं भएकाले एकैछिन

*युद्ध सुरु हुनु अघि त हस्तिनापुर दरबारमा आफू माथि भएको त्यो अत्याचार अनि वनवास र गुप्तवासका समयमा भोग्नुपरेका सारा दु:खले गर्दा आजै युद्ध सुरु भएर दुशासन र दुर्योधनको मृत्युको खबर सुन्ने उत्सुकताले उनको मनलाई आकाशमा उडाइरहेको थियो । अझ भनौं आफू माथि भएका अत्याचारको प्रतिशोधले उनको मनलाई वर्षा ऋतुमा पर्वतलाई बाक्लो कुहिराले ढाकेसरि ढाकेको थियो । उनका मनमा बलेको प्रतिशोधको अग्निले एक महायद्ध रूपी ज्वाला मुखीको प्रतीक्षा गरिरहन्थ्यो । उनका मनमा युद्ध र कौरवहरूको मृत्युको कामनाबाहेक अरू केही पनि आउँदैनथ्यो र आफ्ना पतिहरूलाई विभिन्न तरिकाले यसका निम्ति उक्साइरहन्थिन्, उक्साइरहन्थिन् । तर युद्ध सुरु भएर सेना र बहादुर ठानिएका योद्धाहरूकै मृत्युका खबर सुनिन थाले त्यस पछि भने उनका मनमा भएको प्रतिशोधको भावना र अभिमान पीडामा बदलिन थालेका थिए । उनको नारी हृदयलाई विभिन्न व्यक्तिहरूका मृत्युका खबरले क्षतविक्षत बनाउन थाल्यो । यसैले पनि उनी भित्रभित्रै जलेर सूर्योदय र सूर्यास्त बाहेकको कुनै समय कसरी बित्यो भन्ने सम्म पनि पत्तो पाइरहेकी थिइनन् ।*

शरीरलाई स्थिर गराइन् र ढोकातिर अगाडि बढिन् । उनी शिविरको ढोकामा पुग्न नपाउँदै आवाजसगैं रगत लतपतिएको मुखमुद्रा लिएर भीमसेन उनकै अगाडि उपस्थित भए । भीमसेनलाई त्यो अवस्थामा देख्नासाथ द्रौपदीले केही होसै पाइनन्, उनी बेहोस भएर भुइँमा ढलिन् । होसमा आउँदा भीमसेन पानी छम्कँदै पङ्खा हम्किरहेका थिए । भीमसेनको रक्तरञ्जित अनुहार तथा हात देखेर द्रौपदीलाई पुन: चक्कर आयो । उनले आँखा चिम्लिन् । भीमसेनले द्रौपदीलाई आफ्ना काखको सिरानी बनाएर सुताई एक हातले सुस्तरी सुम्सुम्याउँदै भने, 'हेर द्रौपदी मैले तिम्रो केसका लागि दुशासनको रगत ल्याएको छु । यो लिअ र आफ्नो प्रतिज्ञा पूरा गर । मैले दुशासनको छाती चिरेर रगत ल्याएको छु ...।' भीमसेन अझ केही भनिरहेका थिए तर द्रौपदीले उनका कुरा सुन्न सकिनन् । उनको बोली आइरहेको थिएन । बलैसँग आफ्नो हात उठाएर भीमसेनको मुख थुनिन र नबोल्न इसारा गरिन् । त्यहाँ एकै छिनका लागि पूरा सन्नाटा छायो । भीमसेनका काखमा सुतिरहेकी द्रौपदी ठुलो आपत्ति आइपरेको अवस्थामा झैं जुरुक्क उठिन् र भीमसेनका अनुहारमा एकटकले हेर्दै डाको छोडेर रुन थालिन् । उनी भीमसेनलाई भनिरहेकी थिइन्, 'यो राज्य र शासनका चक्करमा अनाहकमा निर्दोष मानिसहरू कति मरिसके । भो अब यो युद्ध रोक्नुहोस्, केही पनि चाहिएन । अहिलेसम्म जेजति पनि कुरा भए ती सबै बिनासित्तिको शासकको इच्छापूर्तिका खातिर गरिएका दुष्कर्म र उनीहरूको मनोमानीका कारण भएका हुन् । यो युद्धमा को को मारिए ? एकचोटि सोच्नुहोस् त आफूलाई एकसेएक योद्धा भन्नेहरू आजसम्म कति मरिसके ? अनि हिजोसम्म मेरो राज्य भन्दै गर्व गर्नेहरूले मरेर जाँदा तिनीहरूका राज्य पनि साथै लिएर गए ? देख्नुभयो ? तपाईले नै मारेको दुशासनलाई मर्ने बेलामा दुर्योधनले छेक्यो ? कि उसले दुर्योधनलाई कुकृत्यमा साथ दिएकामा कुनै पारितोषिक लिएर गयो ? यस युद्धलाई तपाईहरू जेसुकै नाम दिनुहोस् तर पनि यो युद्ध नितान्त कौरव र पाण्डवको राज्यप्राप्तिको लहड र अभिमानले जन्माएको स्वार्थको लडाई हो । यही प्रपञ्चमा म पनि बलिको बोको बन्दै भरिभराउ राजसभामा घिसारिनुपर्यो, नाङ्गिनु पर्यो । कौरव र पाण्डवका निम्ति, उनीहरूको अभिमानका लडाईमा युद्ध मैदानमा आएर मारिएका ती सैनिकहरूका विधवा नारी र अनाथ बालबच्चाहरूको आँसुको मूल्य कसले चुकाउने ? केका लागि ती नारीहरू विधवा बनाइए, ती बालबालिकाहरू टुहुरा बनाइए ? कि जनतालाई अनाथ, विधवा र टुहुरा बनाउनु नै शासकहरूको धर्म हुन्छ ...?' निरन्तर बोलिरहेकी द्रौपदी असिनपसिन भएकी थिइन् । उनका आँखाबाट भेलसरि आँसुका धारा बगिरहेका थिए । भीमसेनले केही नबोली द्रौपदीका कुरा चुपचाप सुनिरहे । सोचे, दौपदी एक नारी हो, यो एउटा नारी फदय बोलिरहेको छ । कुनै समय विनाकारण अपमानित हुनुपरेको पीडामा पाँच महावीरकी पत्नी हुनुको अभिमानले आगोमा घिउ थपेका कारण आक्रोश बढेको थियो । त्यसैको परिणाम स्वरूप दुर्योधनलाई त्यसको परिणाम चखाउने ध्याउन्नमा लागिन् तर अहिले हत्या र काटमारले नारी फदयलाई नराम्ररी हल्लाएको पनि उनले राम्ररी बुझे । एक मन त युद्ध छोडेर अहिले नै सन्यास ग्रहण गरी हिँडौं जस्तो लाग्यो फेरि मृत्युका भयले महावीर ठानिएको भीमसेन युद्ध मैदानबाट भाग्यो भन्ने आरोप किन खेप्नु भन्ने सोचाइलाई उसको अभिमानले पहाड बनाएर उठायो । केही नबोली भीमसेन शिविरबाट बाहिर निस्के । सूर्यास्त भइसकेछ । त्यस दिनको युद्ध समापन भएकाले सबै जना आआफ्ना शिविरमा फर्किरहेका थिए । घाइतेहरूको चित्कार र द्रौपदीका कुराले भीमसेनको युद्धोत्साह क्षीण हुँदै गइरहे तापनि यसलाई उसभित्रको अभिमानले उसै गरी उकासी रहेको थियो । उनले सोचे 'के पाञ्चालीले भने झैं हामीले राज्यको लोभमा युद्धपराध त गरेनौ ? शासकहरूको नचाहिँदो महत्वाकाङ्क्षाले निर्दोष मानिस मारिनु कत्तिको उपयुक्त होला ?' तर कसैले उक्साएकै भरमा मर्न उद्धत हुँदै युद्धमैदानमा आउने त उनीहरू नै हुन् नि ! बल्न खोजिरहेको आगामा घिउ पोख्ने ....!'

*-समकालीन साहित्य डटकम*

संस्मरण

गुरुदत्त ज्ञवाली

## नयाँ जीवन नयाँ कुरा

जीवन एकैनासले चल्दैन । एकैनासले चल्यो भने त्यति मज्जा पनि आउदैंन । म ०७३ जेठ १ गते अचानक बिरामी भएँ, पक्षघात तथा मस्तिष्कघात भएछ । जीवनयात्रामा अलिकति ठेस लाग्यो, यथोचित उपचार तथा यहाँहरु सबैको उत्साहले आज मानसिक रुपमा त पूरा निको भयो । शारिरिक रुपमा पनि कमजोर छु भन्ने लाग्दैन । यस घटनाले मलाई अझै बलियो त बनाएन ? वा अझै सबल त बनाएन ? अझै दृढ त बनाएन ? यहाँहरुसँग अझै आत्मीयता त बढाएन ? यही कुराको आत्मपरीक्षण गर्दै थिएँ आजसम्म । लाग्छ, परिणाम सकारात्मक निस्क्यो र विचारको अथवा लेखनको बजारमा निस्केको छु । यसो पनि हो, आज जीवनको अत्यन्त सुखद क्षणको अनुभुति गर्दैछु । यो क्षण, बिगतको भन्दा मज्जाको क्षण हो, अतुलनीय मज्जा....! यो मेरो दोस्रो जीवनयात्राको औपचारिक लेखनको श्रीगणेश हो यद्यपि अनलाइन तर्फ खुद्रा कुरा भए होलान् । म बिरामी हुँदा यस्तो दु:स्वप्न देखें- एउटो सूर्य अझै पनि निन्याउरो मुख लगाएर पूर्वबाट झुल्कन्छ । उसले प्रकाश दिन सक्दैन । उसमा कुनै परिवर्तन छैन, रुझेको सूर्य । न उसमा अयनको ख्याल छ, न ऋतुको ज्ञान छ । केवल झुल्कनु र अस्ताउनु उसको काम हो । उता आकामा सहस्र ताराहरु छन्, अझ नौलाख छन् भन्छन् । ती ताराहरुले पनि चकमक्क उज्यालो दिनुको सट्टा लुछुप्प भिजेका निन्याउरा देखिन्छन् ।

मानौं ती ताराहरु समुद्रको किनारमा ज्वार-भाटाको चेपुवामा परेर फालिएका, मरेका सिद्रा हुन् र त्यसैमध्ये मृत्यु पर्खेका सिद्रा यदाकदा छट्पटाएको जस्तो देखिन्छ । वन जङ्गल उजाड छ । बुढा रुखहरु ढलेका छन्, साना हुर्केका छैनन् । ढलेका रुखहरु न दार काम लाग्छन् न त दाउरा नै । डढेलो लागेको छ । चराहरु बासको निमित्त छट्पटाएका छन् । मैदानका गँगटाहरु सधैं मछुवारको जालमा फसेका जस्ता, खुट्टा भाँचेर मछुवारले झोलामा हाल्दासम्म पनि के के नपुगेका जस्ता, असन्तोषी देखिन्छन् । अरु वस्तु, जीव आदि पनि अल्लारे, बेरोजगार, पलायन, भगौडा- यस्तै यस्तै लाग्यो । यसको मतलव मेरो मानसिकता स्वस्थ रहेन । मेरो परिकल्पना फाटेको दूध जस्तो वा तम्केको मोही जस्तो रह्यो । त्यस अवधिको मेरो स्वप्नमा रुने मान्छेहरु रोएको रोयै, नाङ्गाहरु उस्तै, रोगीहरु झन् रोगी, भोकाहरु सधै भोकै, यस्तो लाग्यो मानौंह म अर्कै लोकमा छु जहाँ मान्छे मरेर मात्र जान्छन् भन्छन् । यस्तै माझमा देश चलाउने सरकार छ त्यहाँ पनि । सरकारमा जाने हकवालाहरु सरकारमा जाने र फर्कनेको होडमा कतै चाकाचुली खेल्दैछन्, राइँचुइँ खेल्दैछन् । घाम झुल्कँदाको समय दिन हुन्छ र अस्ताएपछि रात हुन्छ । यो प्रकृयालाई कसैले मैले क्रान्ति गरेर भएको हो भन्न मिल्दैन । यहाँ त्यस्तै होड चलेको पाइयो । 'बहर गोरु कांशी गए बुढा गोरु हुक्काँ' भन्ने कुरा चरितार्थ भएको पाइयो । दलहरुले चुनाव चिन्हलाई आदर्श र धर्म मान्ने, सिद्धान्त पोखिएका, परिकल्पनाको नर्क, पापी, अनैतिक यस्तो लाग्यो त्यो संसार अर्थात त्यो लोक । जब मेरा आँखा खुले, स्वप्न भङ्ग भयो, पुरानो मानसिकतामा परिमार्जन भएको अनुभुति भयो । यथार्थ जीवनमा आउँदा, वास्तवमै हामीहरुमध्ये धेरै हामीहरुले दु:स्वप्न देख्ने रहेछौं । देश बनेको भन्दा बिग्रेको परिकल्पना बढी गर्नु, देश बर्बाद भएको

*आजसम्म सबै समय ब्यर्थै त नभनुँ तर धेरै समय ब्यर्थमा खेर गएछ । अनिकालमा पनि बिउ जोगाउनु पर्छ भन्छन्, हामीले न त बिउ जोगाउन सकेका छौं न त जिउ जोगाएका छौं । जीउको महत्व मरेपछि के थाहा हुन्छ र ? अनि सामान्य अवस्थामा पनि जिउको महत्व हामीले बुझेका हुन्नौं । जिउ त रमाएर खाने वा मोजमस्ती गरेर बस्ने अर्थमा कतिले बुझेका हुन्छन् । मैले नै त्यस्तै बुझें । बिगतमा संघर्ष त गरियो तर के गरियो ? त्यसोभए अब के गर्ने त ? हामीले जे सुकै काम गरौं, सुल्टो चिन्तनका साथ गरौं । हो, अम्मलीले अम्मल छोड्न तबसम्म सक्दैन जबसम्म उसले त्सयबाट हुने पीडा भोग्दैन । पीडा भोग्दासम्म उ मान्छे फतक्क गल्छ । शरीर गल्छ, मानसिकता गल्छ । कति मान्छेको उमेर छिप्पिएपछि बैंसमा चाहिने विवेक आउँछ जबकि उसको विवेकले उसैलाई कहिल्यै सहयोग गर्दैन । यी सबै महसुस हुन हामी यथा समयमै संवेदनशील हुनु आवश्यक छ । यही सन्देश युक्त झापड म बिरामी भएपछि महसुस गरे । हामी धेरैले निजी तथा सार्बजनिक जीवनमा अलि बढी इर्ष्या पालेका छौं । राजनीति त इर्ष्याले जलेको छ, डढेको छ । हामीले इतिहास पढेर त्यसको समीक्षा गर्ने हो । इतिहासलाई अध्ययन गरेर वर्तमान तथा भविष्यमा लागु गर्ने हो । अचम्मै छ, हामीले इतिहासलाई नै वर्तमानमा घिसारेर तुलना गर्छौं ।*

कुरा बढी देख्नु, देश डुबेको मात्र बढी देख्नु, अथवा नकारात्मक कुरा बढी देख्नु मस्तिष्कघातको समस्याजस्तै हो भन्ने लाग्यो । आज शिक्षाको टुकीबाट बिजुली बलेको छ तर मनमा उज्यालो छैन । कहिले अन्धकार हुँदा पनि रछायाँ रछायाँ उज्यालोलाई प्रगति मान्ने र कहिले दोप्पहरको उज्यालोमा सन्तुष्ट हुन नसक्ने परिस्थिति झेलेका हामीहरु आजको उज्यालो रमाउन सकेका छैनौं । प्रगति- रोएर, चिच्याएर मात्र हुँदैन बरु पुगेनभने अझ बढी श्रम गर्ने हो । हामीमा त एक प्रकारको अरण्य रोदन, इर्ष्या, जलन, बेमेल, आलस्यता आदि रोग छ । म प्राविधिक रुपले त बिरामी मान्छे, मैले चिन्ता गरेर के हुन्छ ? म आत्तिएर के हुन्छ ? मैले लेखेर के हुन्छ ? यस्तो पनि लाग्ला । म एक्लो छैन । मेरो साथमा तपाइँहरु हुनुहुन्छ । यसो पनि भनुँ- म यहाँहरुको साथमा छु । यस्तो चिन्तन उत्पन्न भएको छ । यस्तो हुनु पर्छ हामी । १ सयवटा काममा ९९ वटा काम नकारात्मक भए पनि एउटै सकारात्मक कामले बाजी मार्न सक्छ । त्यो उद्वेश्यमा हामी लागौं, त्यस चिन्तनमा हामी लागौं । आजसम्म सबै समय ब्यर्थै त नभनुँ तर धेरै समय ब्यर्थमा खेर गएछ । अनिकालमा पनि बिउ जोगाउनु पर्छ भन्छन्, हामीले न त बिउ जोगाउन सकेका छौं न त जिउ जोगाएका छौं । जीउको महत्व मरेपछि के थाहा हुन्छ र ? अनि सामान्य अवस्थामा पनि जिउको महत्व हामीले बुझेका हुन्नौं । जिउ त रमाएर खाने वा मोजमस्ती गरेर बस्ने अर्थमा कतिले बुझेका हुन्छन् । मैले नै त्यस्तै बुझें । बिगतमा संघर्ष त गरियो तर के गरियो ? त्यसोभए अब के गर्ने त ? हामीले जे सुकै काम गरौं, सुल्टो चिन्तनका साथ गरौं । हो, अम्मलीले अम्मल छोड्न तबसम्म सक्दैन जबसम्म उसले त्सयबाट हुने पीडा भोग्दैन । पीडा भोग्दासम्म उ मान्छे फतक्क गल्छ । शरीर गल्छ, मानसिकता गल्छ । कति मान्छेको उमेर छिप्पिएपछि बैंसमा चाहिने विवेक आउँछ जबकि उसको विवेकले उसैलाई कहिल्यै सहयोग गर्दैन । यी सबै महसुस हुन हामी यथा समयमै संवेदनशील हुनु आवश्यक छ । यही सन्देश युक्त झापड म बिरामी भएपछि महसुस गरे । हामी धेरैले निजी तथा सार्बजनिक जीवनमा अलि बढी इर्ष्या पालेका छौं । राजनीति त इर्ष्याले जलेको छ, डढेको छ । हामीले इतिहास पढेर त्यसको समीक्षा गर्ने हो । इतिहासलाई अध्ययन गरेर वर्तमान तथा भविष्यमा लागु गर्ने हो । अचम्मै छ, हामीले इतिहासलाई नै वर्तमानमा घिसारेर तुलना गर्छौं । उहिलेका पृथ्वीनारायण शाहलाई आजको आँखाले हेर्नु, भानुभक्तलाई आजका आँखाले टिप्पणी गर्नु, यस्तो लाग्छ उनीहरु ज्युँदै छन् र हामीले गुनासा सुनाएका छौं तथा उनीहरुको छाला काढेर नुन चुक दल्दैछौं । हामीले इतिहाको बहादुरीको ब्याज खाँदैछौं र त्यहीं इतिहासको छाला काढ्दैछौं । यस्तो पनि हुने गरेको छ, हामीले इतिहासलाई, पौराणिक कथाका पात्रलाई अनावश्यक रुपमा देवत्वकरण गरेका छौं । हामीले सत्य, त्रेता तथा द्वापर युग भनिने कथाहरुका पात्रलाई आज अस्तित्वमा ल्याउन आराधना गरिरहेका छौं तर वर्तमानलाई वास्ता गरेका छैनौं । भविष्यको बारेमा त कल्पना समेत गरेका छैनौं । आज राम्रो काम गरेको खण्डमा यहीं काम भविष्यमा राम्रो इतिहास बन्दछ, पुराण बन्न सक्दछ । हामी त कस्ता छौंभने पुराणको जप गर्ने, ती पात्रको भजन गाउने र मरेपछि त्यही पौराणिक कालको युग छ भनेर त्यता जाने कामना गर्ने । यस्तै गन्थन मनन गर्दैछु अहिले । अब त मरेपछिको लोक छ भनेर मान्नेहरुले पनि नयाँ लोकको परिकल्पना गरौं । हामीले नयाँ युगको, नयाँ समयको, नयाँ चेतनाको परिकल्ना गरौं । इतिहास तथा पुराणले नयाँ बाटो खन्न सहयोग गर्छ मात्र । हामी पुरानो बाटोमा धकेलिन सक्दैनौं, चाहेर वा नचाहेर पनि हामी हिजोतिर फर्कन सक्दैनौं । यस्तै मैले पनि हिजोका दु:खद वा सुखद कुरातिर पौडी खेलेर समय बर्बाद गर्नुभन्दा 'ए... हो तनि' भन्दै अघि बढ्न उपयुक्त ठान्दछु ।

*-नेपाली साहित्य घर*

# सामुदायिक रेडियो मदनपोखराले रजत जयन्ती मनाउने

कृष्ण पोखरेल

**पाल्पा,** फागुन ४/तानसेनको मदनपोखराबाट प्रसारित सामुदायिक रेडियो मदनपोखराले २५ औ बार्षिक उत्सव तथा रजत जयन्ती मनाउने भएको छ । समाजलाई सकारात्मक सन्देश दिन, लोकतान्त्रिक शासन व्यवस्थालाई बलियो बनाउन, स्थानीय भाषा कला संस्कृतिको प्रचार-प्रसार गर्ने गरी २३ चैत २०५६ देखि नियमित प्रसारण सुरु गरेको रेडियोले विभिन्न कार्यक्रमहरुको आयोजना गरी रजत जयन्ती मनाउने भएको हो ।



रेडियोले २०५५ साल पुस १८ मा इजाजतपत्र प्राप्त गरी २०५६ साल चैत्र २३ गतेदेखि नियमित प्रशारण शुरु गरेको थियो । पत्रकार भेटघाट कार्यक्रम गरी रेडियोले रजत जयन्ती मनाउने बारे जानकारी गराएको छ । रेडियो सञ्चालक समितिका अध्यक्ष झपेन्द्रबहादुर जिसीले हालदेखि २०८० चैत्र २३ गतेसम्म आयोजना गर्ने कार्यक्रमहरुको बारेमा जानकारी गराए । रेडियोले हालसम्म खेलेको भूमिका, पछिल्लो अवस्था, रेडियोको भविष्य, रेडियोकर्मीको भविष्य, आर्थिक अवस्थाको बारेमा रेडियोका उपाध्यक्ष एवं कार्यकारी निर्देशक गुणाकर अर्यालले जानकारी गराए । रेडियोले पत्रकार सम्मेलनबाट आएका सुझाव, आजीवन सदस्यहरुबाट आएका सुझावका आधारमा कार्यक्रमहरु तय गर्ने जनाएको छ ।

रजत जयन्तीको अवसरमा लोकतान्त्रिक संस्कार निर्माणमा सञ्चारको भुमिका बहस, समाजबाट पछाडी परेका असहाय, गरिव दु:खीलाई नि:शुल्क भोजनदान, नेपाली समाजको सभ्यता संस्कृतिको बारेमा बहस, लोकवाजा तथा लोकधुनको रेडियोबाट रेकडिङ्ग, जीवन्तसम्म अभिलेख राख्ने र प्रत्यक्ष प्रशारणमार्फत जनमासमा सुनाउने, पुर्नमिलन कार्यक्रम, रक्तदाताहरुको नाम लिष्ट तयार पार्ने, स्थानीय पालिकाहरुबिच बहस सञ्चालन गर्ने, रेडियोका अहिलेसम्मका फोटो तथा भिडियोहरु सार्वजनिक गर्ने, बोली पत्रिका र भित्ते पात्रो सार्वजनिक गर्ने जस्ता कार्यक्रमहरुको नमुना तयार पारिएको अध्यक्ष जिसीले जानकारी दिए । कार्यक्रममा पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम रानाले रेडियोले गरेका कामहरुको बारेमा चर्चा गरेका थिए । कार्यक्रममा पत्रकार किरण कौशल, मिलन विश्वकर्मा, यज्ञमुर्ति तिमिल्सीना, देव पचभैया, कृष्ण पोखरेल लगायतले रेडियोले गर्ने विविध कार्यक्रमहरु परिमार्जन गरी युग समय, परिस्थीती अनुसारको बनाउनुपर्ने सुझाव दिएका थिए । कार्यक्रम रेडियो सञ्चालक समितिका अध्यक्ष झपेन्द्रबहादुर जिसीको अध्यक्षता, सचिव राजेशकुमार अर्यालको स्वागत, रेडियोकर्मी रिमा सोमैको सञ्चालनमा भएको थियो ।

# पाल्पामा नियमित रक्तदाता संघ गठन, अध्यक्षमा भण्डारी

**पाल्पा,** फागुन ४/पाल्पामा नेपाल नियमित रक्तदाता संघ गठन गरिएको छ । नेपाल नियमित रक्तदाता संघको तानसेनमा भएको भेलाले रक्तदाता संघ पाल्पा शाखा गठन गरेको हो ।



संघको अध्यक्ष (संयोजक) मा वरिष्ठ पत्रकार भगवान भण्डारी चयन भएका छन् । भेलाले नेपाल पत्रकार महासंघ पाल्पाका पूर्व अध्यक्ष, सामाजिक अभियान्ता तथा मानवअधिकारकर्मी भण्डारीलाई संघको नेतृत्व प्रदान गरेको हो । पछिल्लो समय भण्डारी गरिब, विपन्न, असहाय र समस्यामा परेका नागरिकको उद्दारमा सम्बन्धित निकायसँग समन्वयकारी भूमिका निर्वाह गर्ने काममा सक्रिय बन्दै आएका छन् । उनी मानव अधिकार संरक्षण मञ्च नेपालका केन्द्रीय सदस्य, जिल्लास्तरीय मानव अधिकार रक्षक सञ्जालको संयोजक समेत हुन् । लामो समय पत्रकारिता क्षेत्रमा आवद्ध उनले जिल्लामा रगत अभावमा कुनै पनि नागरिकले ज्यान गुमाउन नपरोस् भन्ने सोचका साथ संघ गठनका लागि पहल गर्दै आएका थिए । अन्तत: भण्डारीकै नेतृत्वमा संघ गठन गर्ने कार्यले सार्थकता प्राप्त गरेको छ । अध्यक्षको जिम्मेवारी पाएसँगै उनले जिल्लामा हुने दुर्घटनाका घाइते हुन वा अन्य बिरामीहरुका लागि आवश्यक पर्ने रगत व्यवस्थापनमा सहजीकरण गर्ने बताए । भण्डारीले भने 'पछिल्लो समय रक्तदान गर्ने दाताहरुको संख्या उल्लेखीय मात्रमा बढेको छ तर उनीहरुलाई व्यवस्थापन गरेर उचित ढंगले रगत संकलन गर्न सकिएको छैन, जसले गर्दा बेला-बेलामा जिल्लामा रगत अभावका खबरहरु आउने गरेका छन् । त्यस्ता समस्या समाधान गर्न अब हामी तदारुकताका साथ लागि पर्छौं ।' जिल्लाका सामाजिक संघ संस्था र अभियन्तासँगको समन्वय र सहकार्यमा रक्तदान बारे सचेतना फैलाउनुको साथै रक्तदाताहरुको सूचि तयार गरी ब्लड बैंक स्थापना गर्ने गरी संघले काम गर्ने समेत अध्यक्ष भण्डारीले बताए । भेलाले भण्डारीको संयोजकत्वमा १८ सदस्यीय समिति गठन गरेको हो । संघको सदस्यहरुमा दिपेन्द्र थापा (दिपु), सचिन सिलवाल, सुमन घाती, सुदर्शन पाण्डे, कमल ज्ञवाली, युवराज राना, अर्जुन कार्की, भवानी गौतम, तुलसी गैरे, नविन खाती, नारायण न्यौपाने, सुमन शाक्य, प्रदिपराज शाक्य, दिलबहादुर राना, राजकुमार लोहनी, श्रीकृष्ण पोखरेल, अनिल समर खाती रहेका छन् । भेलामा संघका केन्द्रीय अध्यक्ष दयाबहादुर सिलवाल, महासचिव दीपक अधिकारी, केन्द्रिय सदस्य तथा रुपन्देहीका अध्यक्ष अशोष सिलवाल लगायतको सहभागितामा संघको पाल्पा शाखा गठन गरिएको हो ।

# लुम्बिनी प्रादेशिक अस्पतालमा...

...अझै प्रयोगमा आएनन् पेट रोगको उपचारका मेसिनप्रादेशिक अस्पतालमा 'ग्यास्ट्रोइन्टेरोलोजिस्ट'को सेवा प्रदान गर्ने उद्देश्यले करिब डेढ वर्षअघि नै 'इआरसीपी' मेसिन र 'मोटराइज्ड स्पाइलर इन्टेरोसेपी' मेसिन गरिद गरेर राखिएको छ । यी स्वास्थ्य उपकरणमध्ये 'इआरसीपी' मेसिन बिरामीको पित्त तथा कलेजोबाट निस्कने नलीको भागलाई रोग पहिचानका लागि दूरबिनबाट हेर्ने र कुनै ठाउँमा पत्थरी रोकिएको रहेछ भने निकाल्ने तथा उपचार गर्ने प्रविधि रहेको प्रादेशिक अस्पतालका मेसु थापाले जानकारी दिए ।

यस्तै 'मोटराइज्ड स्पाइलर इन्डोसकोपी' भने बिरामीको आन्द्राको पूरै भागबाट हेरेर रोग पत्ता लगाउन प्रविधि रहेको मेसु थापाले जानकारी दिए । यी उपकरण संघीय सरकारको विनियोजित बजेटबाट करिब ६ करोडभन्दा बढी लागतमा खरिद गरिएका हुन् । आधुनिक प्रकारका यी उपकरणसहितको सेवा सञ्चालन गर्न 'इआरसीपी', 'इन्स्टरोस्कोपी' विषयमा तालिम लिएको डिएम ग्यास्ट्रोइन्टेरोलोजिस्ट जनशक्ति आवश्यक पर्ने हुन्छ । *-रासस*

## खेलकुद समाचार

# नेपाल मलेसियासँग ४ विकेटले पराजित



**काठमाडौं,** फागुन ४/एसीसी महिला प्रिमियर कप क्रिकेट प्रतियोगिताको दोस्रो सेमिफाइनलमा मलेसियाले नेपाललाई चार विकेटले पराजित गरेको छ । नेपालले जीतका लागि प्रस्तुत गरेको १ सय १६ रनको लक्ष्य मलेसियाले २० ओभरमा ६ विकेटको क्षतिमा सफलतापूर्वक पछ्याएको हो ।

योसँगै मलेसिया यो वर्ष आयोजना हुने टी-२० एसिया कपमा पनि छनोट भएको छ । यसअघि पहिलो सेमिफाइनल खेलमा यूएईले थाइल्यान्डलाई पराजित गर्दै एसिया कपमा स्थान पक्का गरिसकेको छ । एसिया कपमा भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र छनोट चरणबाट आएका दुई टोली सहभागी हुनेछन् । मलेसियाको जीतमा एल्सा हन्टरले ५३ बलमा ६९ रनको शानदार पाली खेलिन् । उनलाई महिरा इस्माइलले १६ तथा मास एलिसाले १३ रन बनाउँदै साथ दिए । नेपालका लागि कविता जोशी र सीता रानामगरले २-२ विकेट लिए भने कविता कुँवर र रुविना क्षेत्रीले १-१ विकेट लिए । यसअघि पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ६ विकेटको क्षतिमा १ सय १५ रन बनाएको थियो । नेपालका लागि कप्तान इन्दु वर्माले सर्वाधिक २९ रनको योगदान दिइन् । उनले ३७ बलमा दुई चौका हिर्काइन् । त्यस्तै ओपनर कविता कुँवरले ३१ बलमा २३ रन बनाइन् । उनले पनि दुई चौका नै प्रहार गरिन् । रुबिना क्षेत्रीले १८ बलमा २० रन बनाइन् । उनले यस क्रममा दुई चौका प्रहार गरेकी थिइन् । खेलको अन्त्यतिर डली भट्टले विस्फोटक पाली खेलिन् । उनले रनआउट हुन अघि १४ बलमा २५ रन बनाइन् । उनले दुई छक्का र एक चौका हिर्काइन् । मलेसियाका लागि माहिरा इजाती इस्माइलले २ विकेट लिइन् भने विनिफ्रेड दुराइसिंगमले १ विकेट लिइन् ।


**वर्गिकृत डिस्प्ले**

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# वाणिज्य बैंकहरुको ब्याजदर घट्यो




**पाल्पा,** फागुन ४/वाणिज्य बैंकहरूले फागुन एकदेखि ब्याजदर घटाएका छन् । १६ वटा बैंकले व्यक्तिगत मुद्दती निक्षेपमा ब्याजदर घटाएका हुन् । २० वटा वाणिज्य बैंकहरुले नयाँ ब्याजदर सार्वजनिक गरे पनि ४ वटाको भने स्थिर रहेको छ । माघको तुलनामा फागुनमा बैंकको ब्याजदर औषतमा ०.४० प्रतिशत बिन्दुले घटेको हो ।

माघमा औषतमा बैंकको ब्याजदर ८.१६ प्रतिशत रहेको थियो । फागुनमा औषतमा ७.७५ प्रतिशत हुनेछ । अर्थात माघ महिनामा ८.१६ प्रतिशतबिन्दु रहेको व्यक्तिगत मुद्दति निक्षेपमा बैंकहरुको औषत ब्याजदर फागुनमा ७.७५ प्रतिशतबिन्दु कायम हुने भएको छ । फागुनमा ब्याजदर स्थिर राख्ने बैंकमा एभरेष्ट, लक्ष्मी सनराइज, माछापुच्छ्रे र हिमालयन बैंक रहेका छन् । एभरेष्ट, लक्ष्मी सनराइज, माछापुच्छ्रे बैंकको ब्याजदर मुद्दति निक्षेपमा ८ प्रतिशत रहेको छ भने हिमालयन बैंकको ८.१५ प्रतिशत रहनेछ । फागुन महिनामा सबैभन्दा बढी ब्याज दिनेमा एनएमबि बैंक रहेको छ । एनएमबिको ८.५० प्रतिशत रहेको छ ।

८ प्रतिशत भन्दा बढी ब्याज हुने बैंकमा कुमारी, नेपाल एसबिआई, हिमालयन, एनएमबि र सिटिजन्स बैंक रहेका छन् । ७ प्रतिशत भन्दा कम ब्याज दिनेमा ८ वटा बैंक रहेका छन् । जसमा नेपाल बैंकले ७.२५ प्रतिशत, स्टयान्डर्ड चार्टर्ड बैंकको ७.३५ प्रतिशत, राष्ट्रिय वाणिज्य बैंक ७.३५ प्रतिशत, प्राइम बैंकको ७.४० प्रतिशत, प्रभु बैंक ७.५० प्रतिशत, सानिमा बैंकको ७.५१ प्रतिशत, ग्लोबल आइएमई ७.६० र नबिल बैंकको ७.७५ प्रतिशत रहेको छ । ७ प्रतिशत भन्दा कम ब्याजदर कृषि विकास बैंकको ६.४४ प्रतिशत मात्रै रहेको छ । बैंकहरुले फागुन १ गतेदेखि लागू हुने गरी सार्वजनिक गरेको नयाँ ब्याजदरमा केही बैंकले भने अधिकतम पाँच वर्षसम्मको ब्याजदर तय गरेका छन् ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई